# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ४८ मिति : २०७९/०४/१२

## भाग-२

## राजदेवी नगरपालिका

# लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०४/११

राजदेवी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजदेवी, रौतहट

मधेश प्रदेश, नेपाल

# लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७९

राजदेवी नगरपालिका भित्रका आपत्कालिन एवं जोखिम  अवस्थामा रहेका महिलाहरूको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा महिलाहरुको हकहित संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न राजदेवी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

**प्रस्तावना :** समाजमा बढ्दै गईरहेको लैङिगक हिसां निवारणको लागि  कोष  स्थापना  गर्न वाञ्छनीय देखिएकाले यस राजदेवी नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि राजदेवी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम “लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि - २०७९” रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) “कोष” भन्नाले यस कार्यविधिको ५ नं. बुँदामा उल्लेख गरे बमोजिम स्थापना भएको नगरस्तरीय लैगिंक हिंसा निवारण कोषलाई सम्झनुपर्दछ ।

ख) “नगरपालिका” भन्नाले राजदेवी नगरपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ग) “वडा कार्यालय” भन्नाले राजदेवी नगरपालिकाका वडा कार्यालयहरूलाई सम्झनुपर्दछ ।

घ) “आपत्कालिन अवस्था एवं जोखिम अवस्थामा रहेका महिला” भन्नाले कार्यविधिको १२ नं. बुँदामा उल्लेखित महिलाहरुलाई सम्झनुपर्दछ ।

ङ) “सञ्चालक समिति” भन्नाले कार्यविधिको ५(२) नं. बुँदामा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**३. कोषको उद्देश्य :** यस लैगिंक हिंसा निवारण कोषका उद्देश्य देहाय बमोजिम रहनेछन ।

क) जोखिम अवस्थामा रहेका महिलाहरुको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका महिलाहरूलाई राहत (आधारभुत आवश्यकता सहित) उपलब्ध गराउने,

ग) जाखिममा रहेका महिलाहरुलाई पारिवारिक पुनर्स्थापना गर्ने,

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका र पढ्न इच्छुक महिलाहरुलाई आवश्यक शैंक्षिक सहयोग उपलब्ध गराउने,

च) जोखिम अवस्थामा रहेका महिलाहरूको अधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

**४. कोषको स्थापना :** क) स्थानिय लैंगिक हिसां निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

ख) लैगिंक हिंसा निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१) संघीय सरकारबाट प्राप्त हुने रकम,

२) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

३) नगरपालिकाबाट प्राप्त हुने रकम

४) स्वदेशी व्यक्ति वा सघंबाट प्राप्त रकम

५) विदेशी व्यक्ति, अन्तराष्टिय सघं सस्था वा सरकारबाट प्राप्त रकम

६) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**५. सञ्चालक समितिको गठन :** १) कोषको व्यवस्थापन, सञ्चालन राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको एक कोष सञ्चालक तथा राहत समिति रहनेछ ।

२) सञ्चालक तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ :

१) नगर प्रमुख - संयोजक

२) उप प्रमुख - सदस्य

३) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

४) शिक्षा ,युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

५)स्वास्थ्य शाखा प्रमुख - सदस्य

६) स्थानिय प्रहरी प्रमुख - सदस्य

७) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) जोखिम अवस्थामा रहेका महिलाहरुको पहिचान गर्ने ,उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पनर्स्थापना गर्ने, मनोविमर्श सेवा प्रदान गर्ने, राहत दिने र शैक्षिक सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै महिला जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा सामग्री वा नगद सहयोग गर्ने र विवरण अद्यावधिक गर्ने,

(घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण नगरपालिका/वडा कार्यालयमा पेश गर्ने,

(ङ) आफै वा सो क्षेत्रमा काम गर्ने गै.स.स.संग मिलेर जोखिम अवस्थामा रहेका महिलाहरुको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

(च) लैगिंक हिंसा निवारण कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने

(छ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरपालिका र वडा कार्यालय तथा सम्वन्धित निकायमा पेश गर्ने,

(ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

**७. कोष सञ्चालन विधि :** क) कोषको रकमबाट रु. १०,०००।०० (अक्षरेपी रुपैयाँ दश हजार मात्र) सम्म सानो नगदि कोषको रुपमा सदस्य सचिवले पेश्की स्वरुप लिई, रु. १०,०००।०० (अक्षरेपी रुपैयाँ दश हजार मात्र) सम्म आवश्यकता, औचित्य र कोष सञ्चालन कार्यविधि अनुसार उपलब्ध गराउने सो सानो नगदी कोष खर्च भएमा सो को फछ्र्यौट पश्चात पुन पेश्की स्वरुप दिन सकिने र सो विवरण समितिको बैठकमा पेश गरी अनुमोदन गर्नु पर्ने छ ।

**८. सञ्चालक समितिले गर्न नहुने कामहरू** : सञ्चालक समितिले देहायका काम गर्न गराउन हुँदैन ।

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न ।

ख) आपतकालिन अवस्थाका महिलाको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

**९. सञ्चालक समितिको बैठक :** आपतकालिन अवस्थाका महिलाहरूको संरक्षणको लागि नगरपालिका/वडा कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकताा अनुसार ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजक (नगर प्रमुख)ले गर्नेछ । निजको अनुपस्थितीमा नगर उपप्रमुखबाट नियमानुसार अध्यक्षता गरिनेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ)सञ्चालक तथा राहत समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(ङ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ ।

**१०. पिडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक तथा राहत समितिको कोषबाट पिडितको नाममा रकम निकासा दिनेछ ।**

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : १) यस कार्यविधि बमोजिम पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउंदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :

क) पीडितलाई तत्काल उद्धार गरी सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधनमा यात्रा गर्दा लाग्ने भाडा रकम ,खाना खर्च वापत प्रतिदिन तिन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चार सय रुपैयाको दरले बढिमा पाँच हजार रुपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना प्रति दिन तिन सय रुपैयाँ ,अस्पतालमा बस्ने

व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा चार हजार रुपैयाँ,

ग) कानुनी सहयाता ,मनोसामाजिक परामर्श वा मनोविमर्शका लागि बढीमा पाँच हजार रुपैया सम्म,

घ) पीडितलाई तत्काल उद्धार ,औषधिउपचार ,पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएको र सोको लागि सञ्चालक तथा राहत समितिले कुनै रकम उपलब्ध नगराएको वा गराउन सम्भव हुने अवस्था नदेखिएको अवस्थामा सञ्चालक तथा राहत समितिको अध्यक्षले सो प्रयोजनको लागि तीस हजार रुपैयामा नबढने गरी मनासिव रकम,

(ङ) पुनर्स्थापनाको लागि बढीमा दश हजार रुपैयाँ,

च) सञ्चालक तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी दश हजार रुपैयाँ

छ) पीडित सँगै कुनै बालबालिका भए सो का लागि पीडित सरहको खाना खर्च रकम ।

**१२. आपतकालिन एवं जोखिम अवस्थाका महिलाहरु देहायका अन्तर्गत पर्दछन्:** १) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

२) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित,

४) अपाङ्गता भएका,

५) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका,

६) हिंसाबाट प्रभावित एवं पिडित भएका,

७) हराएको वा बेवारिसे अवस्थामा फेला परेका,

८) ऋणको कारणले बन्धकमा रहेका वा जबर्जस्ति श्रममा लगाई पीडित भएका,

९) घरबाट निकालीएका महिलाहरु,

१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,

११) सुस्त मनस्थिति भएका,

१२) अपहरण वा शरीर बन्धकमा परेका,

१३) सडक पेटीमा अलपत्र परेका महिलाहरु,

१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

१५) सञ्चालक समितिले आपतकालिन अवस्थामा रहेका भनी ठम्याएका अन्य महिलाहरु,

१६. कोही नभएका र केही नभएका महिलाहरु,

१७. एकल महिलाहरु (सम्वन्ध विच्छेद भएका, विधवा, ३५ वर्ष उमेर सम्म पनि विवाह नगरी एक्लै बसेका सामाजिक एवं आर्थिक रुपमा विपन्न महिलाहरु)

**१३. निवेदन दिन सक्ने :** यस कार्यविधिको ११ न. बुँदामा उल्लेख गरिएका महिलाहरूको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी राजदेवी नगरपालिका वा सम्बन्धित वडाहरूमा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले राजदेवी नगरपालिका, नगर कार्यपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा, वडो कार्यालयमा महिलाहरुको विस्तृत बिवरण खुल्ने गरी अनुसुची १ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

**१४. खाताको सञ्चालन :-** लैगिंक हिंसा निवारण कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत प्रकारको खातामा खोल्न सकिनेछ साथै नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत तथा लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन गरिनेछ ।

**१५) कोषको लेखा र लेखा परिक्षण** :१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२) कोषको लेखापरिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१६. कोषकोरकम फ्रिज नहुने:** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभएर आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७) प्रतिवेदन पेश गर्ने :** सञ्चालक तथा राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए काम कारवाहिको प्रतिवेदन कार्यापालिकामा पठाउनुपर्नेछ ।

**१८) बैठक भत्ता :** सञ्चालक वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमाजिमका रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१९. कार्यविधिको व्याख्या तथा संशोधन :-** यस कार्यविधिमा भएका व्यबस्थाहरूमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिने साथै संशोधन आवश्यक भएमा कार्यपालिकाले लैगिक हिंसा निवारण नगर सञ्चालक समितिको राय लिई कार्यविधि संशोधन गर्न सक्नेछ ।

**२०. कोष खारेज हुन सक्ने अवस्था :-** कुनै कारणबस लैगिंक हिंसा निवारण कोष सञ्चालन गर्न आवश्यक नभएमा पर्याप्त कारणहरू सहित नगरको हकमा नगर सञ्चालक समितिको राय लिई तथा वडा समितिको हकमा वडा कार्यालयको राय लिई नगरपालिकाले कोष खारेज गर्न सक्नेछ ।

अनुसुची १

(दफा ११ को उपदफा १ सगं सम्बन्धित )

**विषय: सहयोग उपलब्ध गराई पाउँ ।**

श्री सञ्चालक तथा राहत समिति,

राजदेवी नगरपालिका, रौतहट ।

म ............................................................... राजदेवी नगरपालिकाको वडा नं. ............................. मा बस्ने वर्ष ................. को मिति .................................. मा लैंगिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर छ । म माथि ..............................................लैंगिक हिंसा भएको कारणले मेरो मानसिक/शारिरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवास्थामा रहेको हुनाले मालाई उपचार/कानुनी सहायता एवं परामर्श/उद्दार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ........................................ कामका लागि सहमयोगको आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको

नाम,थर...............................................

ठेगाना................................................

दस्तखत...............................................

मिति..................................................

अनुसुचि २

लैगिंक हिंसा निवारण कोषवाट रकम दिंदाको भरपाई

भरपाई दादै म ................................................ जिल्ला रौतहट साविक गा.वि.स ...................................... हाल राजदेवी नगरापालिका वडा नं. ......................................... मा बस्ने श्री ................................. .......................................... को छोरा/छोरी/श्रीमती वर्ष .......... को श्री ............................................. ..............................................................................ले मेरो ....................................................... ....................................................................... समस्याको कारणले यस नगरपालिकाको लैगिंक हिंसा निवारण कोषबाट रु............................................................................................ बराबरको रकम बुझीलिई यो भर्पाई गरिदिए ।

इति सम्वत् .............. साल ........ महिना ........ गते रोज ....... शुभम् ।

**सेवाग्राहीको**

नाम थर :

ठेगाना :

सहि :

मिति :

औंठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

**साक्षिहरु/रोहवर**

१. ........................................................

२. ........................................................

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**